आज मिति २०७५/०४ /०८ गतेका शनिवारको दिन वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा निम्नलिखित सभाका सदस्यहरुको उपस्थितिमा निम्नानुसारको प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेप्तेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्ग्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| १२ | श्री देवि गुरुङ | | |
| १३ | श्री फुलमाया वि.क. | | |
| १४ | श्री छिरिङ आङग्याल गुरुङ | | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री यज्ञ गोतामे | | |
| १६ | ख्याम नारायण पौडेल | | |
| १७ | श्री कष्ण रेग्मी | | |
| १८ | श्री जया गुरुङ | | |
| १९ | श्री पुस्कर सुवेदी | | |
| २० | श्री सुर्य प्रसाद तिमिल्सिना | | |
| २१ | | | |
| २२ | | | |

प्रस्तावहरुः

१. सेवा करार सम्वन्धमा ।
२. विषयगत शाखाको कार्यक्रम स्विकृती सम्वन्धमा ।
३. वार्षिक आयोजना कार्यान्वयन कार्ययोजना सम्वन्धमा ।
४. एकिकृत कर सम्वन्धमा ।
५. कर्मचारीलाई कार्यालय समय बाहेक अतिरिक्त समय काममा लगाएबापत अतिरिक्त सुविधा सम्वन्धमा ।
६. विस्तृत परियोजना प्रतिवेदनको लागि आयोजना छनौट सम्वन्धमा । (ढुङ्गा गिटी वालुवा निकासी अन्य)
७. कन्टेन्जेन्सीको रकम खर्च सम्वन्धमा ।
८. विषयगत समिति गठन सम्वन्धमा ।
९. कर संकलनको सुचना सम्वन्धमा।

९. कर संकलनको सुचना सम्वन्धमा।
१०. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको उपभोक्ता समिति गठन सञ्चालन तथा व्यवस्थापन कार्यविधि सम्वन्धमा ।
११. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको घ वर्गका निर्माण व्यवसायीको ईजाजतपत्र सम्वन्धी कार्यविधि सम्वन्धमा ।
१२. वारागङ मुक्तिक्षेत्र गाउँपालिकाको आ.ब.२०७५/०७६ को लागि निर्माण सामाग्री तथा ढुवानी मेसीन तथा उपकरण र कामदारको ज्याला दररेट निर्धारण गर्ने ।

निर्णयहरुः

१. प्रस्ताव नम्वर १ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय वडा कार्यालय तथा विषयगत कार्यालयमा सेवा करारमा कामकाज गर्दै आएका जनशक्तिहरु कार्यालयमा कार्यसम्पादन गर्दाको कार्य सम्पादन मुल्याङकनको आधारमा सन्तोषजनक कार्यसम्पादन मुल्याङकन भएका जनशक्तिलाई सेवा मा निरन्तरता दिने र अन्य नयाँ जनशक्ति नियुक्ति सम्वन्धी कार्यविधि निर्माण गरेर कर्मचारी नियुक्ति गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नम्वर २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका विषयगत शाखाबाट स्थानीय जनताको मागको आधारमा पेश भएका कार्यक्रमहरु गाउँसभाले विनियोजन गरेको रकममा थप नहुने आगामी गाउँकार्यपालिकाको वैठकबाट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

३.प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्षका कार्यक्रमहरु व्यवस्थित रुपमा सम्पादन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा अनुसार तथा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार बार्षिक आयोजना कार्यान्वयन कार्ययोजना गाउँपालिकाबाट पेश भए अनुसार स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । उक्त कार्ययोजनामा उपभोक्ता समितिबाट सम्पादन हुने कामहरु भदौ मसान्त सम्म उपभोक्ता समिति गठन गर्ने असोज मसान्त सम्म प्राविधिकबाट ड्रईङ डिजायन तथा सर्भे सम्पन्न गर्ने (सो को लागि प्राविधिकले अन्य जनशक्तिको सेवा आवश्यक परे सो अनुसार सेवा लिने) कार्तिक मसान्त सम्म आयोजनाको सम्झौता सम्पन्न गर्ने (सो मिति सम्म सम्झौता सम्पन्न नभएमा गाउँपालिकाले अन्य माध्यमबाट काम गर्न सुरुवात गर्ने) जेष्ठ मसान्त सम्म अनुगमन समितिले अनुगमन सम्पन्न गर्ने र असार १५ गते सम्म अन्तिम भुक्तानी सम्पन्न गर्ने व्यवस्था मिलाउने ।)

४.प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा अनुसार आर्थिक वर्ष २०७५/०७६ देखि सबै स्थानीय तहहरुले एकिकृत सम्पत्ती कर सँकलन तथा अन्तर सरकार वित्तिय श्रोत व्यवस्थापन ऐन २०७४ अनुसार सम्पत्ति कर सँकलन गर्नुपर्ने वाध्यात्मक व्यवस्था भएको तथा आजका मिति सम्म सो सम्वन्धी ठोस काम नभएको हुँदा सो कर सँकलनको लागि परामर्शदाता छनौट तथा सो को कार्यान्वयन गर्नको लागि मालपोत कार्यालयबाट यस गाउँपालिका अन्तर्गत रहेको घर जग्गा सम्वन्धी विवरण तुरुन्त तयार गर्नको लागि यस गाउँकार्यपालिका निर्देश गर्दछ । सो को लागि लाग्ने रकम आगामी गाउँ सभामा पेश गर्ने गरि हाललाई एकिकृत सम्पत्ती कर सँकलनको लागि परामर्शदाताको सहयोग लिई कार्य अगाडी वढाउन गाउँपालिका कार्यालयलाई यो बैठकले निर्देशन गर्दछ ।

५. प्रस्ताव नम्वर ५ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयमा कर्मचारीको कमी भएको हुँदा कार्यालय समय भन्दा अगाडी तथा पछाडी समेत कार्यालयको काममा कर्मचारी सँलग्न हुनुपर्ने भएको हुँदा अतिरिक्त समय काम गर्ने कर्मचारीलाई दैनिक खाना तथा खाजा खर्च बापत नगदै वा निजले पेश गरेको विलको आधारमा दैनिक कार्यालय सहायक कर्मचारीलाई रु १०००/- एक हजारमा नबढ्ने गरी तथा राजपत्राँकित कर्मचारीलाई दैनिक रु १५००/- पन्ध्र सयमा नबढ्ने गरि एकमहिनामा एकमुष्ट रु १५०००/- मा नबढ्ने गरि सुविधा प्रदान गरी कार्यालयको काममा कर्मचारीलाई अतिरिक्त समय प्रयोग गर्ने सर्वसम्मत निर्णय गरियो । यसरी काम गरेको रकम भुक्तानी गर्दा कार्यालय प्रमुखले उक्त कर्मचारीलाई अतिरिक्त समय काममा लगाउनु पर्नाको कारण तथा कति समयको लागि अतिरिक्त समय काममा लगाउने हो निजलाई दिईएको कार्यादेशमा स्पष्ट जनाईएको हुनुपर्ने छ । साथै दैनिक अतिरिक्त समयको अवधि २ घण्टा भन्दा बढी समय अनिवार्य काममा लगाउनुपर्ने छ । अन्य कार्यविधि गाउँपालिकाले निर्धारण गरे अनुसार हुनेछ।

६.प्रस्ताव नम्वर ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत ढुङ्गा गिटी वालुवा उत्खनन, चैले घ्याकर सडक, चिस्यान केन्द्र, कागवेनी तिरी वेली व्रिज, हावाबाट पानी तान्ने फल्याक ढाकार्जुङ कार्यक्रम, कागवेनीमा मुक्तिनाथ सडक खण्डमा रहेको जगगामा वारागुङ मुक्तिक्षेत्रको सम्पुर्ण विवरण झल्कने मिनी वारागुङ सुचना केन्द्र तथा

सालिग्राम पार्क निर्माण, हावाबाट विजुली उत्पादनको आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तुरुन्त सुभारम्भ गर्न लागि यस गाउँ कार्यपालिकाले गाउँपालिका कार्यालयलाई निर्देश गर्दछ ।

७. प्रस्ताव नम्वर ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित आयोजनाहरुको कार्यान्वयनको क्रममा गाउँपालिकाले कन्टेन्जेन्सी बापत कट्टी गरि जम्मा भएको रकमबाट गाउँपालिकाले वडा कार्यालयमा आवश्यक रहेको कम्प्युटर, प्रिन्टर तथा फोटोकपि मेसिन लगायतका सामान खरिद गर्न आवश्यक रकम बढीमा रु ८०००००/- आठ लाख छुट्टाउने तथा आयोजनाको सर्भे डिजाईन ड्रईङ्ग ईष्टिमेट स्वरुप ४०००००/- चार लाख मात्र विनियोजन गर्ने गरि खर्च शिर्षकमा समायोजन गरि सो रकमको सिमा भित्र रहि कार्यालयले काम अगाडी बढाउन निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

क. ढुङ्गा गिटी वालुवा निकासीको लागि परामर्शदाताको छनौट गरि तुरुन्त सुभारम्भ गर्ने ।

ख.

८. प्रस्ताव नम्वर ८ माथि छलफल गर्दा गाउँकार्यपालिकाको कार्यसम्पादनमा सहजिकरण गर्न तपसिल बमोजिमका विषयगत समिति आगामी कार्यपालिकाको बैठकमा गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क.सार्वजनिक क्षेत्र तथा क्षमता विकास समिति

ख. सामाजिक विकास समितिः

ग. पूर्वाधार विकास समितिः

घ.विधेयक समितिः

ङ.आर्थिक विकास समितिः

च. वातावरण तथा विपद व्यवस्थापन समितिः

९.प्रस्ताव नम्वर ९ माथि छलफल गर्दा यस गाउँपालिकाले वारागुङ मुक्तिक्षेत्रको वार्ड नम्वर १ र ४ मा निर्माण गरेको वसपार्कको सुविधा प्रयोग गरेबापत पार्किङ शुल्क उठाउने तथा गाउँपालिकाबाट कृषि उत्पादन तथा पशु तथा जडिवुटी निकासीमा तपसिल अनुसारको रकम निर्धारण सुचना प्रकाशन गर्न गाउँपालिकालाई निर्देश गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. पार्किङ शुल्क मुक्तिनाथ ५०००००/- पाँच लाख रुपैयामा नघट्ने गरि ।

ख. पार्किङ शुल्क कागवेनी २०००००/- दुई लाखमा नघट्ने गरि ।

ग. कृषि जन्य निकासीमा रु ५००००/- पचास हजारमा नघट्ने गरी ।

घ. पशुजन्य निकासीमा रु१०००००/- एक लाखमा नघट्ने गरी।

१०. प्रस्ताव नम्वर १० माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा उपभोक्ता समिति गठन संचालन तथा व्यवस्थापन कार्यविधि सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नम्वर ११ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नम्वर १ २ माथि छलफल गर्दा यस गाउँपालिकामा आ.ब.२०७५/०७६ को लागि निर्माण सामाग्री तथा ढुवानी मेसिन तथा उपकरण र कामदारको ज्याला दररेट निर्धारण सम्वन्धी प्राविधिक शाखाबाट पेश भए अनुसार बृहत छलफल गरि दररेट निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।